# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खन्दह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नम्बर :

मितिः २०७८/०९/१२

विषयः विषय विशेषज्ञमा सूचिकृत हुनको लागि अनुरोध सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा यस गाउँपालिकाका सामूदायिक विद्यालयमा करारमा शिक्षक छनौट परीक्षाको लागि विषय विशेषज्ञको सूची अद्यावधिक गर्न आवश्यकता परेकोले यो सूचना प्रकाशित समयदेखि मिति २०७८/०९/२६ गतेसम्म कार्यालय समयभित्र यस कार्यालयमा कम्तीमा तपशिलका बमोजिमका योग्यता प्राप्त इच्छुक व्यक्तिहरूले निवेदन पेश गरी दर्ता गराउनुहुन अनुरोध छ ।

तपशिलः

क) योग्यता

१) माध्यमिक तह ( कक्षा ११-१२) मा सूचिकृत हुनको लागि विश्वविद्यालयमा स्थायी उपप्राध्यापक वा माध्यमिक द्वीतिय श्रेणीमा स्थायी रूपमा कार्यरत शिक्षकले सम्बन्धित विषयको शिक्षा शास्त्रमा स्नाकोत्तर तह उत्तीर्ण गरेको योग्यता हुनुपर्ने ।

२) माध्यमिक तह ( कक्षा ९-१०) मा सूचिकृत हुनको लागि सोही तहमा ५ वर्ष स्थायी सेवा भई सम्बन्धित विषयमा शिक्षा शास्त्रमा स्नाकोत्तर तह उत्तीर्ण गरेको योग्यता हुनुपर्ने ।

३) आधारभूत तह (कक्षा ६-८ ) मा सूचिकृत हुनको लागि सोही तहमा ५ वर्षको स्थायी सेवा भई सम्बन्धित विषयमा शिक्षा शास्त्रमा स्नातक तह उत्तीर्ण गरेको योग्यता हुनुपर्ने ।

४) आधारभूत तह ( कक्षा १-५) मा सूचिकृत हुनको लागि सोही तहमा ५ वर्षको स्थायी सेवा भई शिक्षा शास्त्रमा स्नातक तह उत्तीर्ण गरेको योग्यता हुनुपर्ने ।

ख) आवश्यक कागजातहरूः

१) शैक्षिक योग्यताका कागजातहरूको प्रतिलिपि,

२) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

३) स्थायी नियुक्तिको प्रतिलिपि,

४) बढुवा नियुक्तिको प्रतिलिपि (कक्षा ११-१२ को शिक्षक छनौटको लागि सूचिकृत हुने माध्यमिक द्वीतिय श्रेणीका शिक्षकको हकमा) र

५) निवेदन ( आधारभूत तह कक्षा १-५ को लागि तह मात्र र सो बाहेक अन्य तहको लागि निवेदनमा सूचिकृत हुन चाहेको तह र विषय खुलाउनुपर्ने)

ग) दर्ता शुल्कः नयाँ सूचिकृत हुनेको लागि प्रति तह रू ५००/- र यस अगावै यस पालिकामा सूचिकृत भएकाको हकमा प्रति तह रू ३००/- को नगदी रसिद निवेदनसाथ पेश हुनुपर्ने ।

<u>पुनश्चः आधारभूत तह (कक्षा १-५) को लागि गाउँपालिकाभित्र कार्यरत व्यक्तिले, आधारभूत तह (कक्षा ६-८), माध्यमिक तह ( कक्षा ९-१०) मा अर्घाखाँची जिल्ला भित्रको व्यक्तिले र माध्यमिक तह ( कक्षा ११-१२) को लागि लुम्बिनी प्रदेशभित्र कार्यरत व्यक्तिले सूचिकृतको लागि निवेदन दर्ता गर्न सकिने व्यहोरा समेत अनुरोध छ ।</u>

रमेश पन्थी
प्रमुख प्रशासकीय अधिकृत

"कृषि, पर्यटन र सहकारी समृद्ध मालारानी"

ई-मेलः malaraniruralmun@gmail.com / info@malaranimun.gov.np वेवसाईटः www.malaranimun.gov.np